प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भुमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान

## प्रस्ताव आव्हान गरिएको सूचना

तेश्रो तथा अन्तिम पटक प्रकाशित मितिः २०७८/०९/२५

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठानको आ.व. ०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्लामा प्राथमिकता प्राप्त बाली/वस्तुमा परियोजना कार्यान्वयन म्यानुअलको व्यवस्था बमोजिम व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) कार्यक्रम रहेकोमा नियमानुसार दर्ता भएका यस भन्दा पहिले जोनको कार्यक्रम सचालन नभएको क्षेत्रबाट ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनी, जल उपभोक्ता समितिहरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ र ७ अनुसारको कागजात तयार गरी सम्बन्धित स्थानीय तहको शिफारिसमा यो सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०७८/१०/०२) भित्र प्रस्ताव पेश गर्नु हुन सबै योग्य आवेदकहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन पेश गर्दा संलग्न गर्नु पर्ने परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ र ७ अनुसारको कागजात तथा मापदण्डका लागि कार्यालयको सूचना पार्टी वा कार्यालयको वेभसाईटः http://.ialdopyuthan.lumbini.gov.np वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेभसाईटः pmamp.gov.np बाट सम्बन्धित कार्यविधिहरु डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| सुचना नं. | बाली वस्तु | ब्लक संचालनको लागि मापदण्ड | संचालन हुने क्रियाकलापहरु | कार्यक्रम संचालनको लागत साझेदारी | अनुदानको सिमा | कैफियत |
|---|---|---|---|---|---|---|
| ०७८/७९-५० | कृषि तर्फ - धान ब्लक | १०० हेक्टर | प्रधानमन्त्री आधुनिकीकरण परियोजना म्यानुअलको तालिका ४ अनुसारका क्रियाकलापहरु । | कृषि/पशु उत्पादन सामाग्रीहरु बीउ, वेर्ना, विरुवा, कियाकलापहरुमा कार्यक्रमको कुल लागतको ५० प्रतिशत अनुदान, प्राविधिक सहयोग बढीमा १०० प्रतिशत अनुदान, प्रयोगशाला सेवाहरु बढिमा ८५ प्रतिशत अनुदान, कृषि औजार तथा उपकरणहरु बढिमा ५० प्रतिशत अनुदान, साना सिंचाई पुर्वाधारहरुमा बढिमा ८५ प्रतिशत अनुदान, उत्पादनोपरान्त तथा कृषि/पशु व्यवसाय सेवा पुर्वाधारहरुमा बढिमा ८५ प्रतिशत सम्म अनुदान । | - कृषि तर्फ प्रति ब्लक बढिमा २५ लाख सम्म | |

**निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. सम्बन्धित निकायमा कृषक समुह/सहकारी/समिति/ कृषक फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
२. कार्यक्रम संचालन हुने जग्गा/जमिनको लालपुर्जा वा तिरो तिरेको रसिद
३. समितिको निर्णय प्रतिलिपी
४. गत आ.व. को आन्तरिक लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी
५. विस्तृत कार्ययोजना
६. सम्बन्धित स्थानीय तह वडा र पालीकाको सम्बन्धित शाखाको सिफारिस
७. कार्यक्रमहरु माग गर्दा दर्ता नविकरण दस्तुरको रसिद समेत पेश गर्नु पर्नेछ ।

**पुनश्च:** कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ । साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा यसै कार्यालयको वेभसाईट http:/.ialdopyuthan.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ । सो सम्बन्धमा थप जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०८६-४२०१८७ मा सम्पर्क गर्न सकिने छ ।

वरिष्ठ बागवानी विकास अधिकृत